# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावली २०६५ को नियम (३) को प्रयोजनार्थ

## (२०८० कात्तिक देखि २०८० पौष मसान्त सम्म)

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
रामशाहपथ, थापाथली
काठमाडौं

माघ ,२०८०
www.nsonepal.gov.np

## १. परिचयः

नेपालमा वैज्ञानिक तरिकाद्धारा जनगणना गराउने र अन्य विविध तथ्याङ्क समेत सङ्कलन गर्ने उद्देश्यले त्यस बखत कायम रहेका दुई अड्डाहरु "जनसंख्या गोश्वारा" र "औद्योगिक व्यापारिक समाचार संग्रह अड्डा" लाई गाभी २००७ साल भाद्र ९ गते संख्या विभागको स्थापना भएको थियो । त्यो विभागले नेपालको पाँचौ जनगणना (२००९/११) सम्पन्न गर्यो ।त्यसपछि नेपालमा विभिन्न क्षेत्रमा तथ्याङ्कको आवश्यकता महसूस हुन थाल्यो र महत्व पनि विस्तारै बढ्न थाल्यो । यसै सन्दर्भमा नेपालमा तथ्याङ्क सम्बन्धी कामको निमित्त एक केन्द्रीय विभागको स्थापना गर्न वाञ्छनीय भएकोले २०१५ साल मार्ग १८ गतेका दिन नेपालमा तथ्याङ्क ऐन, २०१५ लागू भयो । यही ऐनको आधारमा त्यस वखत रहेको संख्या विभागलाई खारेज भई २०१५ साल पौष १७ गते केन्द्रीय तथ्याङ्क विभागको स्थापना भएको थियो । यस विभाग अर्थ मन्त्रालय, अर्थ आर्थिक कार्य विषय मन्त्रालय, आर्थिक कार्य विषय मन्त्रालय र राष्ट्रिय योजना आयोग अन्तर्गत रहेको थियो ।

तथ्याङ्क ऐन, २०१५ को प्रावधान अनुसार नेपालको तथ्याङ्क प्रणाली लामो समयसम्म संचालन भयो।तथ्याङ्क ऐनलाई समयानुकुल बनाउने उद्देश्यले संघीय संसदले २०७९ सालमा तथ्याङ्क ऐन, २०७९ बनाई लागू गर्यो । यो ऐन २०७९ भाद्र २८ गते सम्माननीय राष्ट्रिपतिबाट प्रमाणीकरण भयो र ऐनको प्रावधान अनुसार २०७९ साल असोज २७ गतेबाट लागू भयो । तथ्याङ्क ऐन, २०७९ कार्यान्वयन भए पश्चात ऐनको व्यवस्था अनुसार २०७९ साल असोज २७ देखि केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय तथ्याङ्क कार्यालयमा परिणत भयो । साविकमा केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय योजना आयोग अन्तर्गत रहेकोमा राष्ट्रिय तथ्याङ्क कार्यालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको छ ।नयाँ व्यवस्था अनुसार कार्यालयको प्रमुखमा रा.प. विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारी रहने व्यवस्था छ । यसको केन्द्रीय कार्यालय काठमाडौंको रामशाहपथ, थापाथलीमा रहेको छ । यस कार्यालय मातहत विभिन्न जिल्लामा ३३ ओटा तथ्याङ्क कार्यालयहरु रहेका छन् ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकारः

तथ्याङ्क ऐन २०७९ को दफा (२४) अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको काम,कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

- तथ्याङ्क सम्बन्धी नीति,योजना तथा रणनीतिको मस्यौदा तयार गरी तथ्याङ्क परिषद् समक्ष पेश गर्ने,
- राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन, प्रवर्द्धन तथा सोको लागी अन्तरनिकाय समन्वय गर्ने,
- कार्यालयले संकलन गर्नु पर्ने तथ्याङ्कका लागि गणना, सर्वेक्षण लगायतका अन्य क्षेत्रगत तथ्याङ्क सम्बन्धी कार्यसंचालन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,
- योजना तर्जुमा तथा नीति निर्धारणका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक तथ्याङ्क उपलब्ध गराउने,
- तथ्याङ्कको स्तर निर्धारण तथा प्रमाणीकरण सम्बन्धी कार्य गर्ने तथ्याङ्क सम्बन्धी अभिलेखको सुरक्षा गर्ने
- तथ्याङ्क सम्बन्धी विवरण प्रकाशन तथा वितरणको व्यवस्था गर्ने।

- केन्द्रिय तथ्याङ्क (डाटा) बैङ्कको रुपमा कार्य गर्ने।
- प्रदेश र स्थानीय तहले संकलन गरेको तथ्याङ्क प्राप्त गरी राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध गर्ने।
- प्रदेश र स्थानीय तहको तथ्याङ्क प्रणालीको विकासमा सहयोग गर्ने।
- प्रचलित कानून बमोजिम तथ्याङ्क सङ्कलन सम्बन्धी काम गर्ने निकायको तथ्याङ्क सम्बन्धी क्षमता अभिवृद्धिमा सहयोग गर्ने।
- यस ऐन बमोजिम हुने तथ्याङ्क सङ्कलनसँग सम्बन्धित विषयको परीक्षण, अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने।
- तथ्याङ्क सम्बन्धी अध्ययन,अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी काम गर्ने।
- नेपाल सरकार वा आयोगले माग गरेको तथ्याङ्क सम्बन्धी विवरण वा सूचना उपलब्ध गराउने।

## ३. कार्यालयमा रहने कर्मचारीको संख्या र कार्य विवरणः

राष्ट्रिय तथ्याङ्क कार्यालय र मातहत गरी हाल ५२५ जना कर्मचारीहरु कार्यरत रहेका छन् । राष्ट्रिय तथ्याङ्क कार्यालयमा १४१ जना र विभिन्न जिल्ला स्थित तथ्याङ्क कार्यालयहरुमा ३८४ जना कार्यरत रहेका छन् ।राष्ट्रिय तथ्याङ्क कार्यालय र तथ्याङ्क कार्यालयमा रहने कर्मचारीहरुको पद अनुसारको विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

## राष्ट्रिय तथ्याङ्क कार्यालय ३३ तथ्याङ्क कार्यालयहरुको दरबन्दी


| क.सं. | पद | सेवा/समुह | श्रेणी | मौजुदा दरवन्दी | | |
|---|---|---|---|---|---|---|
| | | | | रा.त.का | ३३ त.का | जम्मा |
| १ | प्रमुख तथ्याङ्क अधिकारी | नेपाल प्रशासन | रा.प.विशिष्ट | १ | | १ |
| २ | उपप्रमुख तथ्याङ्क अधिकारी | ने.आ.यो.त. | रा.प.प्रथम (प्रा.) | ४ | | ४ |
| ३ | उपसचिव | प्रशासन | रा.प.द्वितीय | १ | | १ |
| ४ | उपसचिव | लेखा | रा.प.द्वितीय | १ | | १ |
| ५ | निर्देशक | ने.आ.यो.त. | रा.प.द्वितीय | ३४ | ६ | ४० |
| ६ | शाखा अधिकृत | प्रशासन | रा.प.तृतीय | ७ | | ७ |
| ७ | लेखा अधिकृत | लेखा | रा.प.तृतीय | १ | | १ |
| ८ | तथ्याङ्क अधिकृत | ने.आ.यो.त. | रा.प.तृतीय | ३९ | ३३ | ७२ |
| ९ | कम्प्युटर अधिकृत | विविध | रा.प.तृतीय | ८ | | ८ |
| १० | नायब सुब्बा | प्रशासन | रा.प.अनं.प्रथम | ८ | २ | १० |
| ११ | लेखापाल | लेखा | रा.प.अनं.प्रथम | २ | १५ | १७ |
| १२ | तथ्याङ्क सहायक/सुपरिवेक्षक | ने.आ.यो.त. | रा.प.अनं.प्रथम | १३ | ८२ | ९५ |
| १३ | सहायक कार्टोग्राफर | विविध | रा.प.अनं.प्रथम | १ | | १ |
| १४ | कम्प्युटर अपरेटर | विविध | रा.प.अनं.प्रथम | ३ | | ३ |
| १५ | सहलेखापाल | लेखा | रा.प.अनं.द्वितीय | | १८ | १८ |
| १६ | खरिदार | प्रशासन | रा.प.अनं.द्वितीय | ० | १०० | १०० |
| १७ | गणक | ने.आ.यो.त. | रा.प.अनं.द्वितीय | | ६२ | ६२ |
| १८ | हलुका सवारी चालक | | श्रेणी बिहिन | ५ | | ५ |
| १९ | कार्यालय सहयोगी | | श्रेणी बिहिन | ११ | ६६ | ७७ |
| जम्मा | | | | १४१ | ३८४ | ५२५ |

**४. कार्यालयबाट प्रदान गरिने सेवाः**

कार्यालयले नियमित रुपमा सामाजिक, आर्थिक, वातावरणीय तथा अन्य विषयगत क्षेत्रका गणना तथा सर्वेक्षणहरु संचालन गर्ने, राष्ट्रिय लेखाको अनुमान गर्ने कार्य मुख्य रुपमा गर्दछ । यस्ता गणना तथा सर्वेक्षणहरुबाट प्राप्त नतिजाहरु तयार गरी वितरण तथा प्रसार गर्ने कार्य नियमित रुपमा गर्दै आएको छ ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुखमा रा.प. विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारी रहने व्यवस्था छ । यस्तै कार्यालयमा रहेका चार ओटा महाशाखामा रा.प.प्रथम श्रेणीको उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख रहने व्यवस्था छ ।कार्यालयमा रहेका २० ओटा शाखामा निर्देशक र उप सचिवलाई शाखासँग सम्बन्धित कार्यहरुको जिम्मेवारी तोकिएको छ ।



| सि. नं. | कर्मचारीको नाम थर | पद / श्रेणी | जिम्मेवारी | सम्पर्क |
|---|---|---|---|---|
| १ | श्री तोयम राया | प्रमुख तथ्याङ्क अधिकारी /रा.प.विशिष्ट | कार्यालय प्रमुख | ५३२९४०६ |
| २ | डा. हेमराज रेग्मी | उप-प्रमुख तथ्याङ्क अधिकारी /रा.प.प्रथम | सामाजिक तथ्याङ्क महाशखा प्रमुख<br>योजना तथा जनशक्ति व्यवस्थापन महाशाखा प्रमुख | ५३५२४७९ |
| ३ | श्री डिल्लीराज जोशी | उप-प्रमुख तथ्याङ्क अधिकारी /रा.प.प्रथम | राष्ट्रिय लेखा महाशाखा प्रमुख | ४२१५६४९ |
| ४ | श्री मुन्नी कुमारी चौधरी | उप-प्रमुख तथ्याङ्क अधिकारी /रा.प.प्रथम | आर्थिक तथ्याङ्क महाशाखा प्रमुख | ५२५५०१७ |

## ६.कार्यालयबाट सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

कार्यालयबाट प्रदान गरिने प्रायः जसो सेवाहरु निशुल्क उपलव्ध हुन्छन् । कार्यालयबाट विभिन्न गणना तथा सर्वेक्षणहरुका प्रतिवेदन र कोरा सूक्ष्म तथ्याङ्क ( Micro Data) कार्यालयले निर्धारण गरेको निश्चत दस्तुर लिई उपलव्ध गराउने समेत गरेको छ ।कोरा तथ्याङ्कक लिनका लागि सम्बन्धित व्यक्तिले कार्यालयमा आई तोकिएको ढाँचामा निवेदन दिई तोकिएको शुल्क बुझाउनु पर्छ ।विभिन्न गणना तथा सर्वेक्षणहरुका नतिजा समावेश भएका प्रतिवेदन कार्यालयबाट पहिलो आउनेलाई दिने नीति अनुसार निशुल्क वितरण गरिन्छ । मूल्य तोकिएका प्रकाशनहरुको हकमा प्रकाशनको उपलव्धता अनुसार तोकिएको मूल्य तिरेपछी प्रकाशन उपलव्ध गराईन्छ । सेवाग्राहीले माग गरेका सेवाहरु सेवाको उपलव्धता र प्रकृति अनुसार यथाशिघ्र उपलव्ध गराईन्छ ।

## ७. निर्णय गर्ने प्रकृया र अधिकारीः

सेवाग्राहीले आफूले चाहेको सेवाको विषयसँग सम्बन्धित निवेदन कार्यालयमा दिनुपर्छ । प्रचलित नियम कानूनको अधिनमा रही विषयसँग सम्बन्धित शाखाका निर्देशक /अधिकृतले सेवा उपलव्ध गराउँछन् ।कार्यालयका कर्मचारीहरुलाई तोकिएको जिम्मेवारी र अधिकार अनुसार निर्णय गरी सेवाग्राहीलाई सेवा उपलव्ध गराईन्छ ।आफ्नो तहबाट निर्णय गर्न नसकिने अवस्थामा माथिल्लो तहमा निवेदन प्रस्तुत गरी निर्णय लिईन्छ ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

कुनै शाखाका निर्देशक/अधिकृतले गरेको निर्णयमा चित्त नबुझेमा सम्बन्धित महाशाखा प्रमुख( उप-प्रमुख तथ्याङ्क अधिकारी ) समक्ष उजुरी गर्न सकिन्छ । महाशाखा प्रमुखले गरेको निर्णयमा समेत चित्त नबुझेमा प्रमुख तथ्याङ्क अधिकारी समक्ष उजुरी दिन सकिन्छ ।

## ९. सूचना प्रकाशनको अवधि (आर्थिक वर्ष २०८०/८१ दोस्रो त्रैमासिकमा) भएका मुख्य कार्यहरुः

- राष्ट्रिय तथ्याङ्क कार्यलयको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन सार्वजनिक गरिएको।
- आर्थिक वर्ष २०८०/८१ को पहिलो त्रैमासिकको कुल गार्हस्थ्य उत्पादन (Quarterly GDP) तयार गरी सार्वजनिक गरिएको।
- नेपालमा ग्रामीण तथा शहरी क्षेत्रको श्रेणीगत वर्गीकरण Degree of Urbanization (DEGURBA) in Nepal प्रतिवेदन सार्वजनिक गरिएको ।

- राष्ट्रिय कृषिगणना, २०७८ को प्रदेशस्तरिय नतिजा सार्वजनिक गरिएको ।
- नेपाल श्रम आप्रवासी भर्ना लागत सर्वेक्षण,२०८० को स्थलगत लगत संकलन कार्य सम्पन्न भएको ।
- राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तनका लागि सञ्चालन गरिने सर्वेक्षणहरुको स्थलगत तथ्याङ्क संकलन कार्य प्रारम्भ गरिएको ।
- राष्ट्रिय कृषि गणना,२०७८ को सामुदायिक प्रश्नावलीमा आधारित प्रतिवेदन सार्वजनिक गरिएको ।
- राष्ट्रिय कृषि गणना,२०७८ को पालिकास्तरका नतिजाहरु भएको प्रादेशिक प्रतिवेदनहरु सार्वजनिक गरिएको।
- राष्ट्रिय कृषि गणना,२०७८ मा आधारित नेपालको कृषि भूमिमा महिलाको स्वामित्व सम्बन्धी प्रतिवेदन सार्वजनिक ।
- राष्ट्रिय होटल तथा रेष्टुरेण्ट सर्वेक्षण, २०८० को प्रश्नावलीका सम्बन्धमा प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।
- स्थानीय तहमा कार्यरत जनशक्तिका लागि तथ्याङ्कीय क्षमता अभिवृद्धि सम्बन्धी कार्यशाला सम्पन्न।
- आधिकारिक तथ्याङ्क ( Official Statistics) सम्बन्धी तथ्याङ्क कार्यलयका सहायक कर्मचारीहरुका लागि ३ दिने क्षमता अभिवृद्धि कार्यशाला सञ्चालन गरिएको ।
- नेपाल बहुसूचक सर्वेक्षणको सूचीकरण कार्य शुरु भएको ।
- स्थानीय तहहरुको गणना क्षेत्र नक्शांकन कार्य भैरहेको ।
- तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीति दोस्रो तयारी कार्य शुरु गरिएको ।
- मूल्य सूचकाङ्क सम्बन्धी नियमित कार्य गरिएको ।
- आर्थिक वर्ष २०८०/८१ को पहिलो त्रैमासिकको निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क सार्वजनिक गरिएको ।
- आर्थिक वर्ष २०८०/८१ को पहिलो त्रैमासिकको औद्योगिक क्षेत्रको लागत मूल्य सूचकाङ्क सार्वजनिक गरिएको ।
- आर्थिक वर्ष २०८०/८१ को पहिलो त्रैमासिकको औद्योगिक उत्पादन सूचकाङ्क सार्वजनिक गरिएको ।
- आर्थिक वर्ष २०८०/८१ को पहिलो त्रैमासिकको कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकाङ्क सार्वजनिक गरिएको ।
- दोस्रो आर्थिक गणनाको तयारी सम्बन्धी विभिन्न कार्यहरु गरिएको ।
- तथ्याङ्कीय क्रियाकलाप सम्बन्धी विभिन्न कार्यशाला, गोष्ठी,तालिम संचालन गरिएको ।
- तथ्याङ्क ऐन,२०७९ को व्यवस्था बमोजिम राष्ट्रिय तथ्याङ्क परिषद्को पहिलो बैठक सम्पन्न गरिएको।
- राष्ट्रिय तथ्याङ्कको एकिकृत अभिलेख प्रणालीको प्रतिवेदन तयार गरी मुख्य सचिवसमक्ष पेश गरेको ।
- तथ्याङ्कीय प्रकाशनहरुको वितरण तथा प्रसार सम्बन्धी कार्य गरेको ।

## १०. कार्यालयका प्रमुख, प्रवक्ता र सूचना अधिकारीको नाम र पदः

प्रमुखः श्री तोयम राया (प्रमुख तथ्याङ्क अधिकारी/रा.प.विशिष्ट ) सम्पर्क नं ५३२९४०६

प्रवक्ताः डा. हेम राज रेग्मी (उप प्रमुख तथ्याङ्क अधिकारी/रा.प.प्रथम) सम्पर्क नं ५३५६९५६

सूचना अधिकारीः श्री मनोहर घिमिरे (निर्देशक/रा.प.द्धितिय) सम्पर्क नं ५३४५९१३

## ११. कार्यालयसँग सम्बन्धित ऐन, नियम, नियमावली निर्देशिकाको सूचीः

- तथ्याङ्क ऐन, २०७९
- तथ्याङ्क नियमहरु, २०४१
- केन्द्रीय तथ्याङ्क विभागको कार्यविधि, २०६४

## १२. आर्थिक वर्ष २०८०/८१ दोस्रो त्रैमासिकको कार्यालयको बजेट र प्रगतिः

| सि. नं. | आयोजना / कार्यक्रमगत | दोस्रो त्रैमासिक वजेट | | | दोस्रो त्रैमासिक खर्च | | | दोस्रो त्रैमासिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पूँजीगत | चालु | जम्मा | पूँजीगत | चालु | जम्मा | भौतिक | वित्तीय |
| १ | आर्थिक तथ्याङ्क विकास कार्यक्रम | ०.०० | १८६.०८ | १८६.०८ | ०.०० | ९.४६ | ९.४६ | ५०.६१ | ५.०८ |
| २ | सामाजिक तथ्याङ्क विकास कार्यक्रम | ०.०० | २०२.३० | २०२.३० | ०.०० | १५.२४ | १५.२४ | ५४.६३ | ७.५४ |
| ३ | योजना तथा जनशक्ति विकास कार्यक्रम | ०.०० | ७२.०९ | ७२.०९ | ०.०० | २१.०२ | २१.०२ | ७७.६० | २९.१६ |
| ४ | राष्ट्रियलेखा तथ्याङ्क विकास कार्यक्रम | ०.०० | २०१.११ | २०१.११ | ०.०० | २८.८९ | २८.८९ | २८.२७ | १४.३७ |
| | जम्मा | ०.०० | ६६१.५८ | ६६१.५८ | ०.०० | ७४.६२ | ७४.६२ | ४८.११ | ११.२८ |

## १३. कार्यालयको वेबसाइटः

राष्ट्रिय तथ्याङ्क कार्यालयको वेबसाइटको ठेगाना निम्नानुसार रहेको छः

www.nsonepal.gov.np

राष्ट्रिय जनगणना २०७८ सँग सम्बन्धित सूचना र जनगणनाको नतिजाका लागि निम्न वेबसाइट समेत हेर्न सकिने छः

www.censusnepal.cbs.gov.np

राष्ट्रिय कृषिगणना २०७८ सँग सम्बन्धित सूचना र जनगणनाको नतिजाका लागि निम्न वेबसाइट समेत हेर्न सकिने छः

www.agricensusnepal.gov.np

**१४. कार्यालयमा परेका सूचना मागसम्बन्धी निवेदन र सोउपर सूचना दिएको विवरणः**

२०८० साल कात्तिक देखि पौष मसान्त सम्म कार्यालयमा सूचना माग सम्बन्धी लिखित कुनै निवेदन प्राप्त नभएको ।टेलिफोन मार्फत मौखिक रुपमा तथ्याङ्क सम्बन्धी विभिन्न सूचनाहरु माग गर्ने गरेकोमा उपलव्ध भएका तथ्याङ्कहरुको बारेमा समयमै जानकारी दिइएको ।

**१४. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरणः**

राष्ट्रिय तथ्याङ्क कार्यालयले मुख्य रुपमा गणना तथा सर्वेक्षणहरुको विश्लेषणबाट विभिन्न नतिजाहरु नियमित रुपमा सार्वजनिक गर्ने गरेको छ । यी नतिजाहरु वा प्रकाशित तथ्याङ्कहरु सरकारी तथा गैरसरकारी विभिन्न निकायहरुले आ आफ्ना प्रकाशनमा समावेश गर्ने गरेका छन् ।

**१५. सम्पर्क ठेगानाः**

राष्ट्रिय तथ्याङ्क कार्यालय

रामशाहपथ, थापाथली, काठमाडौं

फोन नं: ५३४५९१३, ५३२९४०६

ईमेलः info@nsonepal.gov.np, info@cbs.gov.np